## अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित)

बर्दगोरिया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६ संख्याः५ प्रकाशन मितिः२०७९/१०/१०

**भाग-२**

**बर्दगोरिया गाउँपालिका**

बर्दगोरिया गाउँपालिकाको "स्वास्थ्य सेवा नियमावली, २०७९"

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७९/०८/१४

# स्वास्थ्य सेवा नियमावली–२०७९

नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सञ्चालन गर्न, बर्दगोरिया गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको व्यवस्थापन गर्न तथा स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने स्वास्थ्य संस्थाहरूको सञ्चालन अनुमति प्रक्रिया, गुणस्तर मापदण्ड अनुगमन, नियमन, व्यवस्थापन संयन्त्र, सेवा विस्तार, स्तरवृद्धि जस्ता प्रक्रियालाई सरल, सहज र प्रभावकारी बनाई गाउँपालिका मा स्वास्थ्य सेवालाई थप व्यवस्थित,जनमुखी र गुणस्तरीय बनाउन वाञ्छनीय भएकाले बर्दगोरिया गाउँपालिकाको स्वास्थ्य सेवा ऐन, २०७९ को दफा (४०) ले दिएको अधिकार प्रयोग गरी, बर्दगोरिया गाउँपालिकाले यो नियमावली बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो नियमावलीको नाम बर्दगोरिया गाउँपालिकाको "स्वास्थ्य सेवा नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली गाउँ कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पछि तुरुन्त लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "सघीय जनस्वास्थ्य ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले बर्दगोरिया गाउँपालिकाको "स्वास्थ्य सेवा ऐन २०७८९" लाई सम्झनुपर्छ।

(ग) "निर्देशिका" वा "कार्यविधि" भन्नाले यस नियमावलीको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका वा कार्यविधि सम्झनुपर्छ।

(घ) "गाउँपालिका " भन्नाले बर्दगोरिया गाउँपालिका सम्झनुपर्छ।

(ङ) "गाउँपालिका क्षेत्र" भन्नाले बर्दगोरिया गाउँपालिका को भूभाग सम्झनुपर्छ।

(च) "कार्यपालिका" भन्नाले बर्दगोरिया गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।

(छ) "प्रमुख" भन्नाले गाउँपालिका प्रमुख सम्झनुपर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दगोरिया गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ र "लेखा प्रमुख" भन्नाले बर्दगोरिया गाउँपालिकाको लेखा प्रमुखलाई सम्झनु पर्छ।

(झ) “अनुगमन समिति” भन्नाले बर्दगोरिया गाउँपालिकाको स्वास्थ्य सेवा ऐन २०७९” को दफा ११(२) बमोजिम यस नियमावलीको नियम ४९ मा व्यवस्था भएको अनुगमन समितिलाई सम्झनुपर्छ।

(ञ) “चिकित्सक तथा स्वास्थ्यकर्मी” भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ।

(ट) “व्यवस्थापन समिति” भन्नाले स्थानीय स्वास्थ्य सेवा ऐन २०७९” को दफा (७) को उपदफा (१) बमोजिम गठित स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ठ) “स्वास्थ्य संस्था” भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारीको रुपमा संचालित गाउँपालिका को स्वास्थ्य सेवा ऐनको दफा ६ को (१) र दफा ८ को (१) बमोजिमका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(ड) “शाखा” भन्नाले गाउँपालिकाको स्वास्थ्य सेवा ऐन २०७९ को दफा (५) वमोजिमको जनस्वास्थ्य शाखा सम्झनुपर्छ।

## **परिच्छेद–२**

आधारभूत र आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापन

३. आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने: – (१) संघीय जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ को उपदफा (४) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा (२) झ (अनुसुचि १) मा तोकिए बमोजिमका आधारभुत स्वास्थ्य सेवाहरू प्रत्येक नागरिकलाई निःशुल्क उपलव्ध हुनेछन्।

(२) उप नियम– १ बमोजिमको आधारभूत स्वास्थ्य सेवा गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र रहेका स्वास्थ्य संस्था मार्फत उपलव्ध गराउनेछ।

(३) उप नियम (१) मा जुनसुकै कुरा लेखिए तापनि स्थानीय आवश्यकता, औचित्यता र स्रोतको उपलव्धताका आधारमा कार्यपालिकाले आधारभूत स्वास्थ्य सेवाहरूको सूची थप गर्न सक्नेछ।

(४) उप नियम (३) बमोजिम थप गरिएका आधारभूत स्वास्थ्य सेवाको लागि गाउँपालिकाले थप स्रोतको व्यवस्थापन गर्नेछ।

(५) उप नियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र पर्ने संघीय र प्रदेश सरकार मातहतमा संचालित कुनै स्वास्थ्य संस्था मार्फत वा गैरसरकारी तथा निजी स्वास्थ्य संस्थावाट संचालित स्वास्थ्य संस्थासँग सम्झौता गरी आधारभूत स्वास्थ्य सेवा उपलव्ध गराउन सक्नेछ।

(६) गाउँपालिका क्षेत्र भित्र सञ्चालित प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने आधारभूत स्वास्थ्य सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तब्य समेत खुल्ने गरी सबैले देख्ने स्थानमा सार्वजनिक रुपमा राख्नुपर्नेछ।

४. आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने: (१) स्वास्थ्य संस्थाले बर्दगोरिया को स्थानीय स्वास्थ्य सेवा ऐनको दफा (३२) बमोजिम प्रदान गर्नु पर्ने आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्दा देहाय वमोजिम गर्नु पर्नेछ।

(क) गाउँपालिका भित्रका आकस्मिक सेवा प्रदान गर्ने निजी, गैर सरकारी तथा गाउँ अस्पताल वा प्राथमिक अस्पतालहरुले आफुले प्रदान गर्ने सेवाको सम्वन्धमा चौविसै घण्टा आकस्मिक सेवा प्रदान गर्नु पर्नेछ।

(ख) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाले आफ्नो संस्थामा संभव हुने आकस्मिक उपचार तत्काल उपलव्ध गराइ आवश्यक थप उपचारको लागी उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(२) गाउँपालिका क्षेत्र भित्र सञ्चालित प्रत्येक स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने आकस्मिक सेवाको विवरण, सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तब्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देख्ने स्थानमा सार्वजनिक रुपमा राख्नुपर्नेछ।

(३) आकस्मिक सेवा प्रदान गर्ने गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुले आफुले प्रदान गरेको सेवा मध्ये आधारभूत स्वास्थ्य सेवा भित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनु पर्नेछ र आधारभूत सेवा बाहेकको आकस्मिक उपचारको खर्चको ब्यवस्थापन स्वास्थ्य बीमा भएकोमा सोही बीमावाट र बीमा नभएमा वा बीमाको रकमले नपुग भएमा सम्वन्धीत व्यक्ति, निजको अभिभावक, परीवारको सदस्य, संरक्षक वा संरक्षकत्व ग्रहण गरेकोले व्यहोर्नु पर्नेछ।

(४) गाउँपालिका भित्र संचालित आकस्मिक सेवा प्रदान गर्ने अस्पतालले अटुट रुपमा आवश्यक पानी, विजुली, संचार, यातायात, कर्मचारी आवास, आकस्मिक फार्मेसी, आकस्मिक मर्मत सम्भार, आकस्मिक निदान सेवा, अक्सिजन, सुरक्षा प्रावधान आदिको विशेष ब्यवस्था गर्नुपर्नेछ।

(५) एकै पटक धेरै आकस्मिक सेवाग्राहीहरु उपचारको क्रममा आएको अवस्थामा सेवा ग्राहीको जोखिमको प्राथमिकीकरण गरी सेवा प्रदान गर्नु पर्नेछ।

(६) अति विपन्न, बेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्राहीलाई आधारभूत र आकस्मिक सेवाबाट बन्चित गरिने छैन। त्यस्ता सेवाग्राहीलाई थप आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउन गाउँपालिका मा रहेको आकस्मिक उपचार कोषबाट खर्च व्यहोर्नेछ।

(७) उपदफा ६ को आकस्मिक उपचार कोष सम्बन्धमा गाउँकार्यपालिकाले छुट्टै कार्यविधि निर्माण गरी व्यवस्थित गर्न सक्ने छ।

५. आकस्मिक स्वास्थ्य सेवामा संलग्न स्वास्थ्यकर्मी तथा कर्मचारीलाई थप सुविधा दिनुपर्ने:- आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले आफु मातहत कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई देहायको थप सुविधा प्रदान गर्न सक्नेछ:-

(क) नियमित कार्यालय समय बाहेक थप काम गरे वापत सम्बन्धित स्वास्थ्यकर्मी तथा कर्मचारीले गाउँपालिकाको प्रोत्साहन कार्यविधि वमोजिम अतिरिक्त समयको खाजा खर्च प्रदान गर्न सक्नेछ।

(ख) अतिरिक्त समय काम गर्नु पर्दा अधिकार प्राप्त अधिकारीले खटाएको हुनु पर्नेछ।

(ग) आकस्मिक स्वास्थ्य सेवामा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई कार्यसम्पादन मूल्यांकन, तालीम तथा वृत्ति विकासको अवसर प्रदान गर्दा प्राथमिकताका साथ विशेष ग्राह्यता प्रदान गर्ने र क्षमता अभिवृद्धिको व्यवस्था स्वास्थ्य संस्थाले मिलाउनु पर्नेछ।

६. प्रेषण सेवाः (१) स्थानीय स्वास्थ्य सेवा ऐनको दफा, ३४ बमोजिम स्वास्थ्य संस्थामा आएका सेवाग्राहीलाई उपयुक्त कारणले सेवा प्रदान गर्न नसकिने अवस्था भएमा आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध भएको सेवा प्रदान गरी थप सेवाको लागि त्यस्ता सेवाग्राहीलाई सो सेवा प्राप्त हुन सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ। तर आफ्नो संस्थामा उपयुक्त सेवा र जनशक्ति हुँदा हुँदै अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्न पाईने छैन।

(२) उपनियम (१) बमोजिम सम्बन्धित स्वास्थ्य संस्थाले प्रेषण गर्ने संस्थाको पूर्व पहिचान गरी सोको अध्यावधिक सूची राख्नुपर्नेछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चिता गरेर मात्र पठाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम विरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण पूर्जा सहित प्रेषण गरी विवरण अध्यावधिक गरी राख्नुपर्नेछ।

(४) उपनियम (२) बमोजिम प्रेषण भई आएका विरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पूर्जा सहित डिस्चार्ज गरी सोको विवरण अध्यावधिक रुपमा राख्नुपर्नेछ।

(५) प्रेषण सेवामा लाग्ने एम्वुलेन्स वा यातायत खर्च सम्वन्धी व्यवस्था गाउँपालिकाले तोके वमोजिम हुनेछ।

(६) प्रेषण गर्दा प्रेषित गर्ने स्वास्थ्य संस्थाले उपलव्ध गराउने न्युनतम उपकरण र सेवा सुविधाहरू प्रचलित प्रेषण मापदण्ड बमोजिम हुनुपर्नेछ।

७. ईच्छाईएको स्वास्थ्य संस्थामा प्रेषण गर्न सकिने:- नियम (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्ने छैन ।

८. जानकारी दिने सम्वन्धी व्यवस्था: (१) सेवाग्राहीलाई जानकारी दिनु पर्ने विषयहरुको सम्वन्धमा देहायको कारणवाट सेवाग्राहीलाई जानकारी दिन नसकिने अवस्थामा सेवा प्रदान गर्दाको बखतमा उपस्थित भएको सेवाग्राहीको सबैभन्दा नजिकको नातेदार वा सेवाग्राहीलाई लिई आउने व्यक्तिलाई जानकारी दिनुपर्नेछ:

क. सेवाग्राही अचेत वा अर्धचेतमा भएको अवस्था,

ख. सेवाग्राहीको मानसिक सन्तुलन गुमेको अवस्था,

ग. बोल्न, सुन्न वा देख्न नसक्ने अवस्था र

घ. सेवाग्राहीले अनुमती दिएको अवस्थामा ।

(२) माथि जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि आकस्मिक अवस्था भै तत्काल उपचार सेवा प्रदान गर्नुपरेमा जीवन रक्षा उपचार प्रदान गर्नको लागि सेवाग्राही वा उसको नजिकको व्यक्तिलाई सेवा दिनु पूर्व जानकारी
प्रदान गर्न नसकिने अवस्था भएमा पूर्व जानकारी दिन बाध्य हुनेछैन ।

९. डिस्चार्ज सारांश: (१) आफ्नो स्वास्थ्य संस्थामा भर्ना भई उपचार गराएको बिरामीलाई डिस्चार्ज सारांश सामान्यतया अनुसूची–२ को ढाँचामा दिनु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको विवरणहरु उल्लेख गरी स्वास्थ्य संस्था आफैले फरक ढाँचामा डिस्चार्ज सारांश बनाउन बाधा पर्ने छैन:

क. बिरामीको परिचयपत्र नम्वर

ख. मुख्य समस्याहरु

ग. भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टका सारांश

घ. तत्काल गरिएको परीक्षणको सारांश

ङ. उपचारको क्रममा भेटिएको तथ्यहरु

च. उपचारमा अपनाईएको प्रकृया

छ. उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधि

ज. गरिएको उपचारको विवरण

झ. डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिएको निर्देशन तथा डाईट, व्यायाम, उपचार पद्धति, औषधिको मात्रा, प्रकृया तथा अवधि,

ञ. पुनः आउनु पर्ने वा नपर्ने कुराको जानकारी

ट. निदानात्मक (डायग्नोष्टिक) जाँचहरूको रिपोर्टको सारांश

ठ. अन्य आवश्यक कुराहरु

१०. विशेषज्ञ सेवा सम्बन्धी व्यवस्था: (१) गाउँपालिका ले संचालन गरेका अस्पतालमा विशेषज्ञ सेवा उपलव्ध गराउन संघीय र प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिका ले आवश्यक जनशक्ति तथा उपकरणको व्यवस्था गर्नेछ ।

(२) गाउँपालिका ले संघ तथा प्रदेश सरकार र अन्य संघसंस्था तथा अस्पतालहरू सँगको समन्वय र साझेदारीमा भौगोलिक अवस्था तथारोगको प्रकोप दरका आधारमा आवश्यकता अनुसार नियमित विशेषज्ञ सेवा तथा विशेषज्ञ घुम्ती शिविर संचालन गर्न सक्नेछ ।

## परिच्छेद–३

## स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन

**११. व्यवस्थापन समितिको गठन र पदाधिकारीहरुको पदावधी:** ऐनको दफा ७ बमोजिम गाउँपालिका अन्तर्गत स्थापना र संचालन भएका स्वास्थ्य संस्था व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधी गठन भएको मितिले ५ वर्षको हुनेछ ।

**१२. पदावधि रिक्त हुने**:- निम्न अवस्थामा मनोनित सदस्यहरुको पद रिक्त हुनेछ ।

(क) निर्वाचित पदावधीकारीहरुको हकमा नियमित पदावधी समाप्त भएपछी स्वत: समितिको पदावधी समेत समाप्त हुनेछ ।

(ख) राजिनामा दिइ सो राजिनामा स्वीकृत भएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको वैठकमा अनुपस्थित भएमा,

(घ) फौजदारी अभियोग लागेमा,

(ङ) मृत्यु भएमा,

(च) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा ।

(छ) मानसिक सन्तुलन गुमेको प्रमाणित भएमा ।

१३. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार: व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ–

क. अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्याहरु समाधानका लागि पहल गर्ने, र समाधान हुन नसकेमा समस्याहरुको निराकरणको लागि सम्बन्धित तह र निकायहरुमा पठाउने।

ख. स्वास्थ्य संस्थाबाट सञ्चालन हुने बार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने।

ग. वार्षिक रुपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइको ब्यवस्था गर्ने।

घ. स्वास्थ्य संस्थालाई प्राप्त कार्यक्रम, योजना, सूचना र परिपत्रहरु भए तिनको समयमै जानकारी गरी गराई कार्यान्वयन गर्ने।

ङ. गाउँपाण्लिकाले बनाएको आवधिक कार्यक्रम कार्यान्वयन, अनुगमन, समीक्षा र आवधिक प्रतिवेदन तयार गरी संम्वन्धित तहमा पेश गर्ने, गराउने।

च.  स्वास्थ्य चौकी÷शहरी स्वास्थ्य केन्द्रः- आधारभुत स्वास्थ्य सेवा केन्द्रको उन्नति र विकासको सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने।

छ.  स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने।

ज.  स्वास्थ्य सेवाबाट वञ्चित स्थानीय समुदायहरुलाई स्वास्थ्य सेवाको पहुच सुनिश्चितताका लागि आवश्यक कार्यहरु गर्ने।

झ.  स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरु गर्ने र सेवा प्रबाहको गुणस्तरीयता सुनिश्चितता गर्न तथ्यमा आधारित स्थानीय स्वास्थ्य योजना बनाउन पहल गर्ने।

ञ. बर्दगोरिया गाउँपालिका  को स्वास्थ्य क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य काम गर्ने गराउने। प्रदेश तथा संघीय सरकारका तर्फबाट अन्य थप विशेष कार्यक्रम भएमा सोको लागि आवश्यक सहजीकरण गर्ने।

ट.  गाउँपालिका   कार्यपालिका र सो अन्तर्गतका सामाजिक विकास समिति,जनस्वास्थ्य शाखासँग स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धी विषयहरुमा आवश्यक सञ्चार र समन्वय गर्ने।

ठ.  स्वास्थ्य संस्थामा स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने।

ड.  महिला स्वास्थ्य स्वयमसेविका र स्वास्थ्यकर्मीहरूको वार्षिक कार्यसम्पादन, मुल्याङ्कन गरी पुरस्कृत गर्ने व्यवस्था मिलाउने।

ढ. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन,बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

१४. व्यवस्थापन समितिको बैठक:- (१) ब्यवस्थापन समितिको अध्यक्षको निर्देशनमा समितिको सदस्य सचिवले कम्तिमा महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्ने छ तर आवश्यकता अनुसार जुनसुकै समयमा पनि बैठक बस्न सक्ने छ ।

(२) समितिका सदस्यहरुको बहुमतको उपस्थिति भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ ।

(३) समितिको निर्णय उपस्थित सदस्यहरुको बहुमत बाट हुनेछ र कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउनेछन् तर आमन्त्रित सदस्यले मतदानमा भाग लिन पाउने छैनन् ।

(४) ब्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितिमा समितिको उपाध्यक्षले अध्यक्षता गर्ने छन् ।

(५) ठकको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नेछन् ।

(६) व्यवस्थापन समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि गाउँपालीकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. स्वास्थ्य संस्थाको कोष:- (१) गाउँपालिका मातहत रहेका स्वास्थ्य संस्थाको कोषमा देहायका रकमहरु रहनेछन् र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ ।

(क) गाउँपालिका बाट प्राप्त रकम ।

(ख) सम्बन्धित स्वास्थ्य संस्थाको आम्दानी रकम ।

(ग) स्वदेशी व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

(च) वैदेशिक अनुदान तथा संघ संस्था वा व्यक्तिवाट प्राप्त अनुदान वा सहयोग रकम ।

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपनियम (१) को खण्ड (च) बमोजिमको रकम प्राप्त गर्नु अगाडी प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

१६. लेखा र लेखा परीक्षण:- स्वास्थ्य संस्थाको आयव्यय दुरुस्त राख्ने जिम्मा स्वास्थ्य संस्था प्रमुख वा निजले अधिकार प्रत्यायोजन गरेको कर्मचारीको हुनेछ र स्वास्थ्य संस्थाको वार्षिक लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

१७. खाता सञ्चालन:- स्वास्थ्य संस्थाको कोषको खाता संचालन स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको समितिको सदस्य र स्वास्थ्य संस्था प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ।

१८. बैठक खर्च:- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको नियमित मासिक बैठकका लागी खाजा खर्च गाउँपालिका को मापदण्ड बमोजिम हुनेछ।

१९. निर्देशन पालना गर्नुपर्ने:- कार्यपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

२०. गाउँपालिका लाई आर्थिक दायित्व सृजना गर्न नहुने:- स्वीकृत बार्षिक कार्यक्रम बाहेक गाउँपालिका को स्वीकृति बिना समितिले गाउँपालिका लाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्ने कार्य गर्नुहुँदैन।

२१. अधिकार प्रत्यायोजन:- समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केहि अधिकार अध्यक्ष र सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद–४

## जनशक्ति व्यवस्थापन

२२. पदको किसिम:- (१) गाउँपालिका मा स्वास्थ्य सेवाका दरबन्दीहरू स्थानीय सेवा ऐन बमोजिम हुनेछन्।

(२) स्थानीय कर्मचारी सेवा ऐन नबनेसम्म गाउँपालिका का स्वास्थ्य सेवाका कर्मचारीको पद देहाय अनुसार रहनेछन्:-

(क) अधिकृत स्तरका पद

(ख) सहायक स्तरका पद

(३) उपनियम (२) मा उल्लेख भएका पदहरूको तह देहाय बमोजिम हुनेछ ः–

(क) अधिकृत स्तर

(१) अधिकृत स्तर छैठौं तह

(२) अधिकृत स्तर सातौं तह

(३) अधिकृत स्तर आठौं तह

(ख) सहायक स्तर

(१) सहायक स्तर चौथो तह

(२) सहायक स्तर पाँचौं तह

(३) श्रेणी विहिन कर्मचारी

(४) यो नियमावली प्रारम्भ हुँदाका बखत गाउँपालिका  मा कायम रहेका पदहरू यसै नियमावली बमोजिम रहेको मानी सोही बमोजिम तह मिलान गरिनेछ।

२३. पदपूर्ति:- (१) गाउँपालिका  का स्वास्थ्य सेवाका कर्मचारीहरु स्थानीय सेवा ऐन बमोजिम प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति गरिनेछ।

(२) उप नियम (१) बमोजिम प्रदेश लोकसेवा आयोग गठन नभएसम्म वा स्थानीय सेवा ऐन नबने सम्मका लागि गाउँपालिका  को अनुरोधमा संघीय लोकसेवा आयोगबाट पदपूर्ति गर्न बाधा पर्ने छैन।

२४. सरुवा गर्न सक्ने:-  (१) गाउँपालिका  ले आफू अन्तर्गतको स्वास्थ्य सेवाको कुनै कर्मचारीलाई सेवा र समुहको अधीनमा रही एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कर्मचारी सरुवा गर्दा लिइने आधार तथा मापदण्ड गाउँपालिका  ले तोके बमोजिम हुनेछ।

२५. काजमा खटाउन सकिने:- (१) गाउँपालिका   भित्रको स्वास्थ्य सेवालाई व्यवस्थित गर्न आफु मातहतको स्वास्थ्य संस्थाको कुनै स्थायी, अस्थायी र करार कर्मचारीलाई अर्को स्वास्थ्य संस्थामा काजमा खटाउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम काजमा खटाउँदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकूल प्रभाव नपर्ने व्यवस्था

२६. कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्था:-  (१) गाउँपालिका   भित्रको स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय कर्मचारी सेवा ऐन बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिमको ऐन नबनेसम्म कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्था निज स्थानीय तहमा समायोजन हुँदाका बखत कायम रहेको प्रचलित कानून बमोजिम हुनेछ।

२७. संगठन संरचना र दरबन्दी:-  (१) गाउँपालिका   अन्तर्गतका स्वास्थ्य संस्थाको संगठन संरचना तथा दरबन्दी सृजना वा हेरफेर गर्दा कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष, योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार सम्बन्धी, बिदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी दरबन्दी प्रस्ताव गर्नु पर्नेछ।

(२) यस नियमवली बमोजिम गाउँपालिका   भित्रको कुनै स्वास्थ्य संस्थाको संगठनको स्वरूप तयार गर्ने वा संगठन संरचनामा हेरफेर गरी स्थायी पद सृजना वा खारेज गर्ने निर्णय भएपछि पन्ध्र दिनभित्र त्यस्तो निर्णयको प्रतिलिपि गाउँपालिका   कर्मचारी अभिलेख पुस्तिकामा अभिलेख राखी एक महिना भित्र प्रचलित कानून बमोजिमको संघीय वा प्रदेश निजामती कितावखानामा पठाउनु पर्नेछ।

२८. विशेष पदको सृजना:-  देहायको अवस्थामा विशेष पदको सृजना गर्न सकिनेछ:

(१) स्वास्थ्य संस्थाबाट विशेषज्ञ सेवा वा अतिरिक्त स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि विशेष पदको सृजना गर्न सक्नेछ।

(२) उपनियम (१) को अवस्था विद्यमान नरहेमा त्यसरी सृजना भएको विशेष पद स्वतः खारेज भई कर्मचारी स्वतः अवकाश हुनेछ।

(३) यस नियम बमोजिमको विशेष पदमा पदपूर्ति गर्दा योग्यता प्रणाली अवलम्बन गरी खुला प्रतिस्पर्धाबाट छनौट गरी करार सेवामा कर्मचारी नियुक्ति हुनेछ।

(४) गाउँपालिका अन्तर्गतका समायोजन हुँदा वा स्वास्थ्य संस्थाको संगठन संरचना तयार गर्दा फाजिलमा परेको कर्मचारीको पदाधिकार कायम राख्नु पर्ने भएमा।

(५) कुनै कर्मचारी वेतलवी छात्रवृत्ति प्राप्त गरी वा गाउँपालिका को स्वीकृतिमा अध्ययन वा असाधारण विदा वसेमा करारमा कर्मचारी नियुक्ति गर्न सक्नेछ।

२९. पद दर्ता गर्ने:- गाउँपालिका ले नियम (२२) बमोजिम सृजना भएका स्वास्थ्य सेवाका पदको समूह वा उपसमूह तथा तह समेत खुल्ने गरी पद सृजना गर्ने निर्णय भएको मितिले एक महिना भित्र अनिवार्य रूपमा गाउँपालिका का

कर्मचारी अभिलेख पुस्तिकामा कार्य विवरण सहितको अभिलेख राखी प्रचलित कानून बमोजिमका प्रदेश वा संघीय निजामति किताबखानामा पद दर्ताको लागि पठाउनु पर्नेछ।

३०. कार्य विवरण:- गाउँपालिका अन्तर्गतका स्वास्थ्य सेवाको पदको कार्य विवरण गाउँपालिका ले तयार गरी लागू गर्न सक्नेछ।

३१. कर्मचारीको अभिलेख:- गाउँपालिका अन्तर्गतका स्वास्थ्य सेवाका कर्मचारीको वैयक्तिक विवरण तथा अन्य अभिलेख गाउँपालिका मा अद्यावधिक गरी राख्नु पर्नेछ।

३२. (१) पद सृजना नभई कर्मचारी नियुक्त गर्न नहुने: (१) कुनै पनि स्वास्थ्य संस्थामा पद रिक्त नभई वा पद सृजना नभई कर्मचारी नियुक्त गर्नु हुदैन।

(२) उपनियम (१) विपरित कुनै कर्मचारीलाई नियुक्ति गरी तलब खुवाएमा त्यसरी खुवाएको तलब रकम नियुक्ति गर्ने अधिकारीबाट असूल उपर गरिनेछ।

३३. सेवा करार गर्न सकिने:- (१) गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक वा स्वास्थ्यकर्मीको पद स्थायी पदपूर्ति नभए सम्म संघीय सरकारबाट तोकिएको मापदण्ड र व्यवस्था अनुसार सेवा करार गरी वा करार सेवामा नियुक्ति गरी कामकाज लगाउन सकिनेछ।

(२) सेवा करारमा वा करार सेवामा काममा लगाउँदा अपनाउने कार्यबिधि योग्यता प्रणाली तथा खुला प्रतिस्पर्धात्मक पद्धति प्रचलित कानून बमोजिम हुनेछ।

३४. अभ्यासकर्तालाई काममा लगाउन सकिनेः गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा अभ्यासकर्तालाई काममा लगाउँदाबर्दगोरिया जनस्वास्थ्य शाखाको अनुमति लिएर वा गाउँपालिका को कार्यविधिले तोके बमोजिम हुनेछ।

३५. स्थानीय स्वास्थ्य अभियान कार्यकर्ता र महिला स्वास्थ्य स्वयंसेविकालाई काममा लगाउन सकिने:- स्वास्थ्य सेवालाइ घरघरको पहुंचमा पुरयाउन र जनचेतना फैलाउने कार्यका लागी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा स्थानीय स्वास्थ्य कार्यकर्ता र महिला स्वयंसेविकालाई काममा लगाउँदा अपनाउने कार्यविधि गाउँपालिका ले तोके बमोजिम हुनेछ।

३६. कार्यसम्पादन सम्झौता गर्ने:- (१०) गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाका प्रमुखहरुसँग गाउँपालिका ले हरेक आर्थिक वर्षको लागि कार्यसम्पादन सम्झौता गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम गरिने कार्यसम्पादन सम्झौताको मापन गर्ने कार्य विधि वमोजिम हुनेछ।

**परिच्छेद–५**

**स्वास्थ्य संस्था दर्ता, अनुमति, नवीकरण तथा स्तरोउन्नती प्रकृया**

३७. गाउँपालिका वाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति लिनुपर्ने स्वास्थ्य संस्थाहरू:-

(१) गाउँपालिका क्षेत्रभित्र ऐनको दफा (८) बमोजिम देहायका स्वास्थ्य संस्थाहरूको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न स्वास्थ्य संस्था अनुगमन समितिको सिफारिसका आधारमा गाउँकार्यपालिकाले इजाजत अनुमति दिन सक्नेछ:-

(क) प्राथमिक अस्पताल, जनरल अस्पताल, नर्सिङहोम, स्वास्थ्य क्लिनिक, औषधी पसल (फार्मेसी), आयुर्वेदिक औषधालय, वैकल्पीक सेवा, पुर्नस्थापना केन्द्र,पोलीक्लिनिक, मेडिकल ल्याव, रेडियो इमेजिङ (डाईग्नोष्टिक) सेवा, सामुदायिक स्वास्थ्य हेरचाह केन्द्र, समुदायमा आधारीत स्वास्थ्य क्लिनिक र फीटनेश सेन्टर, योग केन्द्रका लागि गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ।

तर मेडिकल प्रयोगशाला सेवाका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, प्रदेश जनस्वास्थ्य प्रयोगशाला वा त्यस मातहतका निकायबाट अनुमति लिएका र औषधी पसल (फार्मेसी) संचालनका लागि औषधी व्यवस्था विभाग वा मातहतका निकायबाट अनुमति लिनु पुर्व गाउँपालिकाको सिफारीस लिएको हुनुपर्नेछ ।

(ख) आयुर्वेद,होमियोपेथिक तथा अन्य वैकल्पिक चिकित्सासँग सम्बन्धित स्वास्थ्य संस्थाहरुका हकमा दश शैया सम्मका अस्पतालका लागि गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ।

तर आयुर्वेदिक औषधालय÷वैकल्पीक सेवा संचालनका लागि आयुर्वेदिक औषधी व्यवस्था विभाग वा मातहतका निकायबाट अनुमति लिनु पुर्व गाउँपालिका को सिफारीस लिएको हुनुपर्नेछ।

(२) गाउँपालिका क्षेत्रभित्र स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि उप नियम(१) देखि बाहेकका अन्य अस्पतालहरु, विशेषज्ञ अस्पताल तथा संघ र प्रदेशवाट सेवा संचालन अनुमति दिने स्वास्थ्य संस्था र स्वास्थ्यसँग सम्बन्धित शिक्षण संस्थाको हकमा अनुमति लिनुपूर्व वा नवीकरण पूर्व गाउँपालिका को सिफारिस लिनुपर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम गाउँपालिका बाट इजाजत प्राप्त गरेका वा दर्ता भएका स्वास्थ्य संस्थाहरूको विवरण संघ र प्रदेश सरकारमा अद्यावधिक गराउनुपर्नेछ।

(४) यस नियमावलीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा सम्बन्धी न्यूनतम मापदण्ड संघीय र प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

३८. ईजाजतपत्र प्राप्त नगरी स्वास्थ्य संस्था सञ्चालन गर्न नहुने:- (१) यो नियमावली प्रारम्भ भएपछि कसैले पनि गाउँपालिका बाट ईजाजतपत्र प्राप्त नगरी स्वास्थ्य संस्था सञ्चालन गर्नु हुँदैन।

(२) यो नियमावली प्रारम्भ हुनु भन्दा अगाडि देखि संचालन भै रहेका स्वास्थ्य संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले ३ महिना भित्र गाउँपालिका मा ईजाजत प्राप्त गर्न निवेदन दिनु पर्नेछ।

(३) उप नियम (२) वमोजिम संचालन ईजाजतको निवेदन दिने स्वास्थ्य संस्थाले ऐन तथा यस नियमावली वमोजिम निर्धारित मापदण्ड पूरा भएको रहेछ भने गाउँपालिका ले संचालन ईजाजत दिनेछ।

(४) उपनियम (३) वमोजिम मापदण्ड पूरा नभएमा एक वर्ष भित्रमा मापदण्ड पूरा गर्ने गरी त्यस्तो मापदण्ड पूरा गर्ने योजना एक महिना भित्र पेश गर्न लगाई सो अवधिको लागि ईजाजत दिनु पर्नेछ।

(५) यस नियम बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिए पनि अनुमति नपाउने वा उपदफा (४) वमोजिमको अवधि भित्र मापदण्ड पूरा भएको नपाईएमा त्यस्ता स्वास्थ्य संस्थाको ईजाजत अनुमति गाउँपालिका ले खारेज गर्न सक्नेछ।

३९. स्वास्थ्य संस्थाको पूर्वाधार निर्माणका लागि इजाजत लिनुपर्ने:- (१) यस नियमावली बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि प्रचलित मापदण्ड बमोजिम अनुसूची–३ को ढाँचामा मनसाय पत्रका लागि निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा गाउँपालिका ले निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र देहायका विवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि स्वास्थ्य संस्था अनुगमन समिति खटाउन सक्नेछ:-

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्ययोजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रचलित कानून बमोजिम प्रारम्भिक वातवारणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भए सोको प्रतिवेदन,

(घ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्र, सो क्षेत्रको जनसंख्या र जनघनत्व,

(ङ) प्रस्तावित स्वास्थ्य संस्थाले सेवा पुर्याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुर्याउने थप योगदान,

(३) अनुगमन समितिले उपनियम (२) मा उल्लिखित विषयहरुको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदन पन्ध्र दिनभित्र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमका प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँपालिका ले बढीमा दुई वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसायपत्र प्रदान गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिमको अवधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपका लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा गाउँपालिका ले त्यस्ता अस्पताललाई बढीमा एक वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ। सो अवधिमा पनि पूर्वाधार निर्माण नगरेमा इजाजतपत्र खारेज गरिने छ।

(६) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएता पनि यो नियमावली जारी हुँदाको वखत मापदण्ड पूरा गरी इजाजत पत्र लिईसकेका स्वास्थ्य संस्थाले नयाँ स्थानमा स्वास्थ्य संस्था संचालन गर्न, थप सेवा विस्तार गर्न वा नयाँ पूर्वाधार निर्माण÷विस्तार गर्नुपर्ने अवस्थामा वाहेक पूर्वाधार निर्माण इजाजत लिनुपर्ने छैन।

४०. सञ्चालन अनुमति दिन सकिने:- (१) नियम (३९) बमोजिम पूर्वाधार निर्माण कार्यसम्पन्न भएपछि सो पूर्वाधार तयार भएको व्यहोरा सहित वा पूर्वाधार निर्माण÷विस्तार गर्नु नपर्ने अवस्थामा सोही व्यहोरा उल्लेख गरी सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्ने आवश्यक कागजातहरु संलग्न गरी अनुसूची–४ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ। स्वास्थ्य क्लिनिक, प्रयोगशाला, रेडियो इमेजिङ (डाईग्नोष्टिक) सेवा, पोलिक्लिनिक स्थापना तथा सञ्चालन अनुमतिका लागि अनुसूची–५ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदनको प्रकृया पुगे नपुगेको रुजु गरी रितपूर्वक प्राप्त भएको निवेदन जनस्वास्थ्य शाखाले दर्ता गरि आवश्यक प्रक्रियामा लैजानु पर्नेछ।

(३) उपनियम (१) बमोजिम निवेदन प्राप्त हुन आएमा गाउँपालिका  ले निवेदन प्राप्त गरेको मितिले १५ दिन भित्र स्वास्थ्य अनुगमन समिति खटाउनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम खटिएको अनुगमन समितिले सात दिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय सहितको प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(५) उपनियम (४) बमोजिम अनुगमन समितिको प्रतिवेदनको आधार र यस नियमावलीमा उल्लिखित मापदण्ड पूरा गरेका स्वास्थ्य ३ वर्ष सम्मका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न इजाजत अनुमति दिन सक्नेछ तर प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड पूरा भै नसकेको भए इजाजतपत्र प्रदान गरिने छैन ।

(६) यस नियमावली बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपनियम (४) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भए पश्चात बसेको कार्यपालिकाको बैठकबाट निर्णय गरी ७ दिन भित्र सो को जानकारी सम्बन्धित संस्थालाई दिईनेछ।

(७) यो नियमावली प्रारम्भ हुनु अगाडी सम्बन्धित निकायमा दर्ता भई गाउँपालिका  बाट अनुमति नलिई संचालन भएको स्वास्थ्य सस्थाको हकमा दर्ताका लागि एक महिनाको म्याद दिई सूचना प्रकाशित गर्नेछ र सो अवधि भित्र निवेदन पेश गर्ने स्वास्थ्य सस्थालाई अनुसूची–६ बमोजिमको दस्तुर लिई यो नियमावली बमोजिमको प्रकृया पूरा गरी सञ्चालन अनुमति दिईनेछ।

(८) उपनियम ७ बमोजिमको म्याद भित्र दर्ताका लागि निवेदन पेश नगरेमा थप तिन महिना भित्र दोब्बर दस्तुर लिई अनुमति दिन सकिनेछ।

(९) स्वास्थ्य सस्था नवीकरणको हकमा प्रत्येक आर्थिक वर्षको साउन मसान्त भित्र नवीकरणका लागि तोकिएको ढांचामा निवेदन पेश गर्नुपर्नेछ। तोकिएको म्याद भित्र निवेदन पेश नगर्ने स्वास्थ्य सस्थाको हकमा म्याद समाप्त भएको मितिले दुई महिना भित्र निवेदन दिएमा शुरु दस्तुको दोव्वर दस्तुर लिई नविकरण गर्न सकिनेछ।

४१. थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनुपर्ने:-  स्वास्थ्य संस्थाले आफुलेसेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा अनुमति प्रदान गर्ने निकायबाट यस नियमावली बमोजिम प्रकृया पूरा गरी अनुमति लिनु पर्नेछ।

४२ अनुमति दस्तुर बुझाउनुपर्ने:- स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूची–६ मा उल्लेख भए बमोजिमको अनुमति दस्तुर गाउँपालिका लाई बुझाउनुपर्नेछ।

४३. नवीकरण गराउनुपर्ने:- (१) यस नियमावली बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुने मिति भित्र गाउँपालिका समक्ष नविकरणका लागि निवदेन दिनुपर्नेछ। गाउँपालिका ले अनुमतिको अवधि समाप्त भएको मितिले ३ महिना भित्र आवश्यक जाँचबुझ गरी नविकरण गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिका ले अनुसूची ६ मा उल्लेख भएबमोजिमको दस्तुर लिई तीन वर्षका लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालन अनुमतिको नवीकरण गरिदिन सक्नेछ।

४४. स्वास्थ्य संस्था गाभिन सक्ने:- (१) स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन संचालनमा रहेका एक भन्दा वढी स्वास्थ्य सस्थाहरू एक आपसमा गाभिई सेवा संचालन गर्न चाहेमा गाउँपालिका समक्ष त्यस्ता स्वास्थ्य संस्थाले सयुंक्त रुपमा निवेदन दिन सक्नेछन्।

(२) उपदफा १ अनुसारको निवेदन दर्ता भए पश्चात गाउँपालिका ले स्वास्थ्य संस्था अनुगमन समितिको राय अनुसार स्वीकृति प्रदान गर्न सक्नेछ।

४५. अनुमति खारेजी तथा कारवाही सम्बन्धी ब्यवस्था:- (१)यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिका ले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिनवा अनुमति नवीकरण गर्न एक पटकको लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) यो नियमावली बमोजिमको अवधिभित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अनुमति नलिने र अनुमति नवीकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ साथै सोको व्यहोरा प्रदेश तथा संघीय मन्त्रालयमा समेत जानकारी दिनेछ।

४६. सञ्चालन अनुमति नवीकरण नहुने:- (१) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायका अवस्थामा गाउँपालिका भित्र संचालित स्वास्थ्य संस्थाका सेवा सञ्चालन अनुमतिको नवीकरण गरिने छैन:-

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाईएमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्याङकनमा उल्लिखित शर्तहरु पालना नगरेको पाईएमा,

(ग) स्वास्थ्य संस्थाले प्रदान गरेका सेवा तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन गाउँपालिका को कार्यालयमा पेश नगरेमा,

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पतालजन्य फोहरमैलाको उचित व्यवस्थापन नगरेको पाईएमा,

(ङ) स्वास्थ्य मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्वन्धित निकाय वा गाउँपालिका ले दिएको निर्देशनको उल्लंघन गरेमा,

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुराना भवनको हकमा तोकिएका समयभित्र भूकम्पीय दृष्टिकोणले भवन प्रबलीकरण गरेको नपाईएमा।

(छ) गैर कानूनी क्रियाकलाप गरेको पाईएमा।

**परिच्छेद–६**

स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

४७. स्वास्थ्य सेवा सञ्चालन:

(१) स्वास्थ्य संस्थाले आफ्नो उद्देश्य र क्षमता अनुसार गाउँपालिका बाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ:

(क) आकस्मिक सेवा,

(ख) बहिरंग सेवा,

(ग) अन्तरंग सेवा,

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो ईमेजिङ आदि),

(ङ) शल्यक्रिया सेवा,

(च) सघन उपचार सेवा,

(छ) प्रबर्धनात्मक तथा प्रतिरोधात्मक सेवा,

(ज) विशेषज्ञ सेवा, विषयगत विशेषज्ञ सेवा

(झ) फार्मेसी सेवा,

(ञ) रक्त सञ्चार सेवा,

(ट) फिजियोथेरापी सेवा,

(ठ) शवगृह व्यवस्था,

(ड) अस्पताल व्यवस्थापन,

(ढ) वातावरण व्यवस्थापन,

(ण) स्वास्थ्य संस्थाबाट निष्काशित फोहरमैला व्यवस्थापन।

(२) गाउँपालिका  भित्र संचालित स्वास्थ्य संस्थाले अन्य कुराको अतिरिक्त देहायका विवरण समेत खुलाई गाउँपालिका  मा वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

(क) दर्ता मिति, दर्ता गर्ने निकाय र दर्ता समाप्त हुने अवधी

(ख) संचालन स्वीकृति पाएका सेवाहरु र उक्त सेवा प्रवाहको अवस्था

(ग) सेवाग्राहीहरुको संख्या

(घ) गाउँपालिका  ले तोकेका आधारभूत स्वास्थ्य सेवा वितरण गरेको अवस्था र लाभग्राही संख्या

(ङ) स्वास्थ्यकर्मी र चिकित्सकहरुको संख्या र तिनीहरुको विशेषज्ञता

(च) गाउँपालिका   र अन्य निकायबाट भएको अनुगमन र सुझाव वा निर्देशनको कार्यान्वयनको अवस्था

(छ) प्रचलित कानुन अनुसार तिरेको करको विवरण

४८. स्वास्थ्य सेवा गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्डः-

(१) नियम ४६ बमोजिमका स्वास्थ्य सेवा संचालन गर्दा नेपाल सरकारले तोके बमोजिम सुनिश्चित गर्नुपर्ने न्युनतम गुणस्तर सम्बन्धी मापदण्डका अतिरिक्त देहायका मापदण्डहरूको समेत पालना गर्नुपर्नेछ।

(क) बहिरंग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउने।

(ख) स्वास्थ्य संस्थामा संघीय सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको व्यवस्था हुनु पर्ने र सो को नियमित र प्रभावकारी अनुगमन गर्ने।

(ग) स्वास्थ्य संस्थाले विभिन्न एकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरू गुणस्तरीय रुपमा संचालन गर्ने कार्यसंचालन निर्देशिका तयार लागू गर्नुपर्नेछ।

(घ) स्वास्थ्य संस्थाले बहिरंग सेवा प्रदान गर्ने चिकित्सकहरू उपलव्ध हुने समय, तालिका (दिन र बार खुल्ने गरी) सवैले देख्ने ठाँउमा राखिएको हुनुपर्ने।

(ङ) स्वास्थ्य संस्थाले उपलव्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकवाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्ने।

(च) विरामीले त्यहाँ कार्यरत चिकित्सकहरूमध्ये आफूले सेवा लिन चाहेको चिकित्सकवाट सेवा लिन पाउने व्यवस्था हुनुपर्ने।

(छ) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफा सुग्घर राखिएको हुनुपर्ने।

(ज) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धको खोप तथा व्यक्तिगत सुरक्षाको व्यवस्था गरेको हुनुपर्ने।

(झ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको सेवा शर्त सम्बन्धी विनियम वनाएको हुनुपर्ने।

(ञ) स्वास्थ्य संस्थाले संघीय सरकारवाट संचालित सेवा वा कार्यक्रम संचालन गर्दा संघीय सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनुपर्ने ।

(ट) अस्पतालले २४ सै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनुपर्ने ।

(ठ) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनुपर्ने र सो को विवरण सवैले देख्ने ठाँउमा राख्नुपर्ने ।

(ड) आकस्मिक विभागवाट बिरामी भर्ना गर्ने, प्रेषण गर्ने, विरामीको प्रेषण प्रकृया र विरामी सार्ने पद्धति स्पष्ट परिभाषित भएको हुनुपर्ने र सोको व्यहोरा बमोजिमको ढांचा सवैले देख्ने ठाँउमा राख्नुपर्ने ।

(ढ) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, वेवारिस विरामीका लागि कुल शैयाको १० प्रतिशत शैया छुट्टाई वडा कार्यालयको सिफारिसमा गाउँपालिका स्तरीय विपन्न नागरीक सिफारिस समन्वय समितिले निर्णय गरेका विरामीलाई निःशुल्क उपचार अनिवार्य रूपमा उपलब्ध गराउनु पर्ने र सो को अभिलेख सहितको प्रतिवेदन गाउँपालिका मा पठाउनु पर्ने ।

(ण) अस्पतालहरुमा जेष्ठ नागरिकका लागि विशेष किसिमको सुविधाको व्यवस्था हुनुपर्ने र आवश्यक मात्रामा शैया छुट्याएको हुनुपर्ने ।

(त) स्वास्थ्य संस्था संचालन गरिने भवन र अन्य पूर्वाधार भवन सहिंता र स्वास्थ्य भवन पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनुपर्ने ।

(थ) अस्पतालले विपद व्यवस्थापनको कार्ययोजना बनाएको हुनुपर्ने ।

(द) यो नियमावली र प्रचलित कानूनमा उल्लेख भएका मापदण्डलाई सबै स्वास्थ्य संस्थाले पालना गर्नुपर्ने र गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिवद्धता सहितको नागरिक वडापत्र सार्वजनिक गर्नुपर्ने ।

(ध) प्रत्येक स्वास्थ्य संस्थाले वार्षिक रुपमा गुणस्तरीय सेवाको मापदण्ड पालना भए, नभएको सम्बन्धमा स्व–मूल्यांकन गरी सुधार गर्नुपर्ने देखिएमा तत्काल सुधारको योजना बनाई कार्यान्वयन गर्नुपर्ने ।

(न) प्रत्येक महिना गाउँपालिका मा तोकिएको ढाँचामा विवरण र प्रतिवेदन अनिवार्य रुपमा बुझाउनुपर्ने ।

(प) सूचना अधिकारी तोक्नुपर्ने र सूचना अधिकारीको पहिचान सेवाग्राहीले देखिने ठाँउमा टाँस गर्नु पर्ने ।

(फ) सवैले देख्ने स्थानमा उजुरी पेटिका राख्नु पर्नेछ ।

(ब) विरामी वा निजको रेखदेख गर्ने व्यक्तिलाइ रोग र उपचार पद्धती वारे स्पष्ट जानकारी दिनुपर्ने ।

(भ) स्वास्थ्य सेवाको गुणस्तरलाइ सुनिश्चिता प्रदान गर्न स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवामा राष्टिय तथा अन्तराष्टिय गुणस्तर चिन्ह प्राप्त गर्न स्वास्थ्य संस्थालाइ प्रोत्साहीत गरीने छ ।

४९. स्वास्थ्य संस्था सम्बन्धी मापदण्डहरुको विस्तृत विवरण:- (१) अस्पताल, विशेष सेवा प्रदान गर्ने अस्पताल, स्वास्थ्य क्लिनिक, पोलिक्लिनीक, रेडियोलोजी वा डाइग्नोष्टीक, इमेजीङ सेवा, प्रयोगशाला

सेवा र आयुर्वेदिक तथा वैकल्पीक चिकित्सा सम्बन्धी पूर्वाधार र न्युनतम मापदण्डहरूको विस्तृत विवरण नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम गाउँपालिका ले निर्धारण गर्नेछ।

(२) उप नियम (१) बमोजिमको मापदण्ड निर्धारण नहुन्जेल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका २०७० (संसोधन सहित) र स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्ड सम्वन्धी निर्देशिका २०७३ तथा प्रचलित कानून बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिमका प्रचलित मापदण्डको अधिनमा रही कार्यपालिकाले गाउँपालिका का स्वास्थ्य संस्थाहरूको गुणस्तर, जनशक्ति, औजार उपकरण, सेवा सुविधा लगायतका विषयमा छुट्टै मापदण्ड बनाइ लागू गर्न सक्नेछ।

**५०. अनुगमन समिति:-**

(१) गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरु( अस्पताल, नर्सिङ होम, क्लिनिक, प्रयोगशाला सेवा, औषधि पसल समेत) को दर्ता, अनुमति, स्तरोन्नती, स्वीकृति, नवीकरण र पुर्वाधार एवं सेवा गुणस्तर सम्वन्धी आवश्यक अनुगमन, मुल्याङकन गरी सिफारीस गर्नका लागि देहाय वमोजिमको अनुगमन समिति गठन गरिनेछ:

(क) गाउँ कार्यपालिकाले तोकेको ब्यक्ति: संयोजक

(ख) सरकारी अस्पतालको मेडिकल मे. सु./मे.अ.: सदस्य

(ग) सामाजिक विकास समिति संयोजक: सदस्य

(घ) सम्बन्धित क्षेत्रका विषय विज्ञ: सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख: सदस्य सचिव

समितिमा स्वास्थ्य संस्थाको सेवाको प्रकृति बमोजिम सम्बन्धित ल्याव टेक्निसियन वा अधिकृत, रेडियोग्राफर वा अधिकृत, पब्लिक हेल्थ नर्स वा अधिकृत, फार्मेसी असिस्टेन्ट वा अधिकृत, आयुर्वेद वा वैकल्पिक चिकित्सा क्षेत्रको बिज्ञ र सव इन्जिनियर (सिभिल) आमन्त्रित सदस्यको रूपमा रहनेछन्।

(२) अनुगमनको क्रममा आवश्यकता अनुसार उपभोक्ता मञ्चको प्रतिनिधि, उद्योग वाणिज्य संघ, सुरक्षा निकायको प्रमुख वा प्रतिनिधि, प्राविधिक जनशक्ति, पत्रकार र सम्बन्धित क्षेत्रका विषय विज्ञलाई समेत संलग्न गराउन सकिनेछ।

(३) उप नियम (१) बमोजिमका सवै सदस्य उपलब्ध नभएको अवस्थामा प्रादेशिक स्वास्थ्य कार्यालय वा जिल्ला स्थित सरकारी अस्पतालका कर्मचारीबाट सदस्य कायम गर्नुपर्नेछ।

(४) अनुगमन समितिले आवश्यकता अनुसार उपसमिति गठन गरी अनुगमनमा पठाउन सक्नेछ।

(५) गाउँपालिका  ले आफ्नो मातहतमा संचालित स्वास्थ्य सेवाको नियमित रुपमा गुणस्तर पालना भए नभएको अनुगमन गर्न र नभएको पाइएमा गुणस्तरको पालना गराउनका लागि जनस्वास्थ्य निरीक्षक नियुक्ति गर्न वा कुनै कर्मचारीलाई निरीक्षकको रुपमा कामकाज गर्न खटाउन सक्नेछ ।

(६) उप नियम (५) बमोजिम गाउँपालिका  ले खटाएको जनस्वास्थ्य निरीक्षकले दिएको सुझावलाई कार्यान्वयन गरी मापदण्डको पालना गर्नु स्वास्थ्य संस्थाहरुको कर्तव्य हुनेछ ।

(७) उप नियम (१) वमोजिमको अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) स्वास्थ्य संस्था स्थापना, संचालन, नविकरण तथा स्तरोन्नती सम्वन्धी प्राप्त निवेदन तथा कागजातहरुको अध्ययन गर्ने ।

(ख) खण्ड (क) वमोजिम प्राप्त निवेदन तथा कागजातहरुको अध्ययन तथा स्थलगत निरीक्षणको प्रतिवेदन कार्यपालीका समक्ष पेस गर्ने ।

(ग) खण्ड (ख) बमोजीमको प्रतिवेदनका आधारमा कार्यपालीका समक्ष आवश्यक सिफारीस गर्ने ।

(घ) अनुगमन समितिको वैठक आवश्यकता अनुसार वस्ने ।

(ङ) कार्यपालिकाले तोकेका अन्य काम गर्ने।

५१. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था:-

(१) स्वास्थ्य संस्थाले आफूले प्रदान गरेका सेवाहरुको यो नियमावली र प्रचलित कानूनमा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष स्वःमूल्यांकन गरी सोको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र गाउँपालिका   समक्ष अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका  , प्रदेश सरकार र संघीय मन्त्रालयले अनुगमन समितिसंग समन्वय गरी आवश्यकता अनुसार जोखिम, भौगोलिक अवस्थिति, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीका आधारमा नमुना छनौट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यो नियमावलीको मापदण्ड पूरा गरे नगरेको सम्बन्धमा आकस्मिक निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ ।

(३) उपनियम (२)बमोजिम नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर र पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सक्नेछ ।

(४) यो नियमावली बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई गाउँपालिका  ले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरिरहेको सेवा पूर्ण वा आंशिक रूपमा बन्द गर्न आदेश

दिन सक्नेछ तर प्रादेशिक तथा संघीय सरकारबाट स्वीकृति लिई संचालनमा रहेकाको हकमा सम्बन्धित निकाय समक्ष सुझाव सहितको प्रतिवेदन दिनेछ।

(५) उपनियम (४) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नुपूर्व सम्बन्धित स्वास्थ्य संस्थालाई मनासिब माफिकको सफाइ पेश गर्न मौका दिईनेछ।

(६) यो नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई यो व्यवस्थाले वाधा पार्ने छैन।

(७) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति नलिएका स्वास्थ्य संस्थामा कुनै पनि चिकित्सक, नर्स, वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन यदि कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्तो संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीको लागि सम्बन्धित परिषदमा लेखी पठाईनेछ।

(८) गाउँपालिका   अन्तरगत सञ्चालीत सरकारी स्वास्थ्य संस्थाहरुको गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाको व्यवस्थापन सुदृढिकरणका लागी तपसिल वमोजिमको सुपरीवेक्षण समिति रहने छ।

क) सामाजिक विकास समिति संयोजक:-  संयोजक

ख) सामाजिक विकास समिति सदस्य ३ जना:- सदस्य

ग) जनस्वास्थ्य शाखा प्रमुख:- सदस्य सचिव

(विषय विज्ञ तथा आमन्त्रीत सदस्यहरु (प्रहरी प्रशासन, आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।)

उक्त समितिको काम, कर्तव्य र अधिकार तथा संचालन प्रक्रिया छुट्टै निर्देशिका वनाई कार्यान्वयनमा ल्याइने छ।

(९) गाउँपालिका   क्षेत्र भित्रका सरकारी स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्य कर्मीले एक भन्दा वढि स्वास्थ्य संस्थामा पुर्णकालिन काम गर्न पाउने छैनन र निजि स्वास्थ्य संस्थाहरुमा काम गर्दा सरकारी पद तथा संस्था उल्लेख गर्न पाइने छैन।

(१०) स्वास्थ्य सेवा प्रवाह सम्वन्धी कुनै पनि सुचना तथा विज्ञापन जारी गर्दा गाउँपालीकाको जनस्वास्थ्य शाखावाट पुर्व स्विकृती वा अनुमति लिएर मात्र सम्प्रेशण गर्न पाइने छ।

## परिच्छेद–७

## औषधी तथा उपकरण सम्बन्धी व्यवस्था

५२. औषधि तथा उपकरण आपूर्ति:-

(१) आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराउन स्वास्थ्य संस्थामा तोकिएका औषधिको नियमित आपूर्तिको ब्यवस्था गर्नु पर्नेछ।

(२) स्वास्थ्य संस्थामा आउने बिरामीको संख्या तथा रोगको आधारमा औषधिको माग आपूर्ति सन्तुलनको ब्यवस्था मिलाउनु पर्नेछ।

(३) म्याद नाघेका औषधिको सूची तयार पारी नियमित रूपमा धुलाउने ब्यवस्था मिलाउनु पर्नेछ।

(४) औषधि नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम राख्न संघीय सरकारले जारी गरेको औषधी तथा स्वास्थ्य उपकरण भण्डारण मापदण्ड पालना गर्नुपर्ने छ।

(५) औषधि आपूर्ति तथा वितरण प्रणालीलाई पारदर्शी तथा आर्थिक ऐन अनुसार संचालन गर्नु पर्ने र यसको लागि स्वास्थ्य संस्थाको एक जना कर्मचारीलाई स्टोर किपर तोक्नु पर्नेछ।

(६) उपनियम (५) अनुसार तोकिएको स्टोरकिपरले नियमित जिन्सी श्रेस्ता मिलाउनु पर्ने र दैनिक औषधिको खपतलाई मौज्दात दैनिक अभिलेख राख्नु पर्ने साथै चल अचल सम्पत्तिको विवरण जिन्सी रजिष्टर अनुसार दुरुस्त राख्नु पर्नेछ।

(७) औषधिको माग गर्दा पुल सिस्टममा आधारित माग प्रणाली अपनाउनु पर्नेछ।

(८) औषधिको माग आपूर्ति गर्दा समुदायमा हुन सक्ने माहामारी रोग नियन्त्रणलाई समेत ध्यान राखी मौज्दात कायम राख्नु पर्नेछ।

(९) म्याद नाघी धुलाएको औषधिलाई बातावरण प्रतिकूल नहुने गरी नष्ट गर्नु पर्नेछ।

(१०) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लगत राखी ब्यवथापन समिति समक्ष त्रैमासिक अनुमोदन गराउनु पर्नेछ।

५३. औषधि, उपकरण तथा औषधिजन्य सामाग्री र पदार्थको खरिद प्रकृया:-

(१) औषधि, उपकरण तथा औषधिजन्य सामाग्री र पदार्थ खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानून बमोजिमको प्रकृया अबलम्बन गर्नुपर्नेछ।

२) गाउँ क्षेत्रभित्र संचालित सरकारी स्वास्थ्यहरुलाई वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्ने वार्षिक खरिद योजना वनाइ गाउँपालिका बाट स्वीकृत गराउनु पर्नेछ।

५४. औषधिको गुणस्तर कायम राख्न विक्रेताले व्यवस्था मिलाउने:- (१) औषधि बिक्रेताले औषधिको गुणस्तर कायम राख्न देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछ:

(क) औषधि बिक्री कक्ष, भण्डारण कक्ष वा कोठाको तापक्रम र आर्द्रता उत्पादकले तोके बमोजिम कायम राख्ने।

(ख) औषधि बिक्री कक्ष, भण्डारण कक्ष वा कोठा सफासुग्घर राख्ने।

(ग)  औषधि बिक्री वितरण सम्वन्धमा संहिता र औषधि सम्बन्धी प्रचलित कानूनलाई पालना गर्नु सवै औषधि बिक्रेताको कर्तव्य हुनेछ।

(२)  स्वास्थ्य संस्थाको फार्मेसीले प्रचलित मापदण्ड अनुसारका नियमहरूको पालना गर्नुपर्नेछ।

५५. विक्रेताले जानकारी दिनु पर्ने:- सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले जारी गरेको प्रेस्कृप्सन अनुसार औषधिको समुचित प्रयोगको लागि सेवाग्राही वा हेरचाह गर्ने ब्यक्ति वा औषधि लिन आउने व्यक्तिलाई विक्रेताले निम्न बमोजिमको जानकारी दिनुपर्नेछ:

(क) औषधिको सेवन बिधि र मात्रा,

(ख) औषधिको सेवन अबधि,

(ग) औषधिबाट हुनसक्ने सामान्य प्रतिअसर,

(घ) औषधि सेवन अवधिभर अपनाउनु पर्ने साबधानी,

(ङ) औषधि सुरक्षित राख्ने स्थान तथा विधि।

५६. फार्मेसी सम्बन्धी व्यवस्था:

(१) गुणस्तरीय औषधि सही मात्रामा सही तरिकाले सही अवधिमा सुपथ मूल्यमा उपलव्ध गराउन र औषधि सम्बन्धी सही परामर्श दिई विरामी एवं सेवाग्राहीलाई सुलभ एवं गुणस्तरीय सेवा पु¥याउनका लागि फार्मेसी विषयका दक्ष जनशक्ति मार्फत गाउँपालिका  ले आफ्नै फार्मेसी सेवा संचालन गर्न सक्नेछ।

(२) फार्मेसी संचालनका लागि प्रचलित कानून र मापदण्डको अधिनमा रही गाउँपालिका  ले छुट्टै फार्मेसी निर्देशिका बनाउन सक्नेछ।

(३) उप नियम (२) बमोजिमको निर्देशिका नवनेसम्मको लागि प्रचलित कानून र नेपाल सरकारको फार्मेसी निर्देशिका, २०७२ बमोजिम गाउँ फार्मेसी संचालन हुनेछ।

५७. विपद् व्यवस्थापन:-

(१) कार्यपालिकाको निर्णय अनुसार गाउँ प्रमुखले प्रदेश तथा संघीय सरकारसंग समन्वय गरी आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपत्काल घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आपत्कालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन् कुन् क्षेत्रमा लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ।

(४) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि कार्यपालिकाको निर्णय अनुसार गाउँप्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

**परिच्छेद–८**

विविध

५८. गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्था:-

(१) गाउँपालिका बाट संचालित र गाउँपालिका अन्तर्गत संचालित सबै स्वास्थ्य संस्थाहरुले सबैले देख्ने ठाउँमा उजुरी पेटिका राखी उक्त उजुरी पेटिका नियमित खोल्ने व्यवस्था मिलाउनुपर्नेछ।

(२) सबै स्वास्थ्य संस्थाहरुले अनुसुची (७) बमोजिमको नागरीक बडापत्र तयार गरी सवैले देख्ने गरी राख्नुपर्नेछ र सोही अनुसार सेवाको सुनिश्चितता गर्नु पर्नेछ।

(३) सबै स्वास्थ्य संस्थाहरुले अस्पतालमा आउने विरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गर्नु पर्नेछ।

(४) गाउँपालिका बाट संचालित र गाउँपालिका अन्तर्गत संचालित स्वास्थ्य सेवा, सरसफाइ सेवा र जनस्वास्थ्यसँग सम्बन्धित गुनासो र उजुरीको संकलन र सोको सम्बोधनका लागि गाउँपालिका को स्वास्थ्य शाखा प्रमुखलाई गुनासो व्यवस्थापन अधिकारी तोक्न सक्नेछ।

(५) उपनियम (४) सँग सम्बन्धित गुनासो र उजुरीका सम्बन्धमा गुनासो व्यवस्थापन अधिकारीले देहाय बमोजिम व्यवस्थापन गर्नुपर्नेछ।

(क) उपनियम(४) बमोजिमका गुनासो र उजुरीहरुको दर्ता गर्ने।

(ख) गुनासो उजुरीको प्रकृतिको आधारमा सम्बन्धित स्वास्थ्य संस्थालाई जानकारी गराई सोको सम्वोधन बारे जानकारी सम्बन्धित गुनासो÷उजुरीकर्तालाई गराउनु पर्ने साथै गाउँपालिका का प्रमुख प्रशासकीय अधिकृतलाई समेत गराउनु पर्नेछ।

(ग) गुनासो व्यवस्थापन अधिकारीले गुनासो र उजुरीका सम्बन्धमा आवश्यकता अनुसार गुनासो÷उजुरीकर्ता र सम्बन्धित स्वास्थ्य संस्थाका प्रतिनिधिबीच बार्ता गराई समस्याको समाधानका लागि सहजीकरण गर्न सक्नेछ। यसरी सहजीकरण मार्फत समाधान गरिएको गुनासो÷उजुरीको सम्बन्धमा गाउँपालिका लाई गुनासो व्यवस्थापन अधिकारीले लिखित जानकारी गराउनु पर्नेछ।

(घ) गुनासो व्यवस्थापन अधिकारीको सहजीकरणमा समेत गुनासो उजुरीको व्यवस्थापन हुन नसकेमा सोको व्यहोरा सहित ३ दिन भित्र न्यायिक समितिमा आवश्यक कागजात समेत संलग्न राखी पठाउनु पर्नेछ।

(ङ) न्यायिक समितिले आवश्यकता अनुसार दुवै पक्षलाई झिकाइ गुनासोको व्यवस्थापन गर्नेछ।

(६) गुनासो व्यवस्थापन अधिकारीले वार्षिक प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ।

५९. अभिलेख तथा प्रतिवेदन:

(१) गाउँपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु गाउँपालिका को कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार अभिलेख राख्नुपर्नेछ।

(२) तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई गाउँपालिका ले सचेत गराउनुका साथै अनुमति खारेज गर्नर खारेजका लागि सिफारिस गर्न सक्नेछ।

(३) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई गाउँपालिका को कार्यालयबाट एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम दिने व्यवस्था गराउनुपर्नेछ।

(४) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा संघीय सरकारले तोकेको सरुवा रोगका विरामी पत्ता लागेको वा शंका लागेको खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्तै गाउँपालिका को स्वास्थ्य शाखामा सूचना गर्नुपर्नेछ।

(५) गाउँपालिका वा ईजाजतपत्र प्राप्त स्वास्थ्य संस्था वा अनुमति प्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्वन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवार प्राप्त व्यक्तिको दायित्व हुनेछ।

(६) सम्पुर्ण स्वास्थ्य संस्थाले स्वास्थ्य सम्बन्धी तथ्याङ्क मासिक रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके वमोजीम प्रेषण तथा डि.एच. आइ.एसमा प्रविष्ट गर्नु पर्नेछ।

(७) स्वास्थ्य शाखाले आवधिक रूपमा स्वास्थ्य सर्वेक्षण गर्नेछ।

६०. सेवा शुल्क निर्धारण समिति:-

(१) स्वास्थ्य संस्थाहरुले संचालन गर्ने सेवा वापतको शुल्क निर्धारण गर्नका लागि कार्यपालिकाले तोकेको सदस्यको संयोजकत्वमा स्वास्थ्य क्षेत्रका विज्ञ समेत संलग्न भएको ३ सदस्यीय सेवा शुल्क निर्धारण समिति कार्यपालिकाले गठन गर्नेछ।

(२) समितिको सिफारिसका आधारमा गाउँ कार्यपालिकाले शुल्क निर्धारण गर्नेछ।

(३) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिले सेवा शुल्क निर्धारण गर्दा अन्य कुराका अतिरिक्त संघीय र प्रदेश सरकारले निर्धारण गरेको मूल्यलाई समेत आधार मान्नेछ।

६१. मापदण्ड तथा अनुसूचीमा हेरफेर:-  गाउँ कार्यपालिकाले यस नियमावलीमा उल्लिखित मापदण्ड तथा अनुसूचीहरू स्थानीय आवश्यकता र संघीय मापदण्ड अनुसार हेरफेर र थपघट गर्न सक्नेछ।

६२. व्याख्या गर्ने अधिकार:-  यस नियमावलीमा रहेका व्यवस्थाहरुको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

६३. प्रचलित कानून बमोजिम हुने:-  यस नियमावलीमा उल्लेख भएका विषयहरू यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

६४. नियमावलीको पालना:-  यस नियमावलीको पालना गर्नु गाउँपालिका   भित्रका सबै स्वास्थ्य संस्था तथा सेवाग्राही समेतको दायित्व हुनेछ।

६५. स्वतः अमान्य हुने:- यस नियमावलीमा लेखिएका कुनै कुरा प्रचलित संघीय र प्रदेश कानूनको कुनै व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

६६. खारेजी र बचाउ:-

क) यो नियमावली प्रारम्भ हुनु पुर्व भए गरेका स्वास्थ्य सेवा सम्वन्धी कार्यविधि र निर्देशिकाहरु यो नियमावली स्थानीय राजपत्रमा प्रकाशित मिति देखि स्वतः खारेज हुनेछ

ख) यस अघि यस सम्बन्धमा भएगरेका सवै कार्य यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची–१

### दफा ३ (१) सग सम्बन्धित

आधारभूत स्वास्थ्य सेवाको सूची (स्वास्थ्य संस्थाको तह अनुसार प्रदान गरिने आधारभूत स्वास्थ्य सेवाहरू) संघीय सरकारले निर्धारण गरे बमोजिम हुने।

## अनुसूची–२

### (दफा ९ (१) सँग सम्बन्धित)

डिस्चार्ज सारांश ढाँचा

<table>
<tr><td colspan="2">स्वास्थ्य संस्थाको नाम.................<br>स्वास्थ्य संस्था डिस्चार्ज (Discharge)सारांश</td></tr>
<tr><td>विरामी परिचयपत्र नं.</td><td>मिति :</td></tr>
<tr><td colspan="2">समस्याहरू :....................</td></tr>
<tr><td colspan="2">परिक्षण (Diagnostic) विवरण :<br>........................<br>........................</td></tr>
<tr><td colspan="2">उपचारको क्रममा भेटिएका तथ्य उपचार प्रकृया र पद्धति :<br>......................</td></tr>
<tr><td colspan="2">उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधि :<br>भर्ना भएको अबधि :</td></tr>
</table>

| | |
|---|---|
| भर्ना नभएको : | |
| उपचार सम्बन्धी विवरण<br>......................... | सिफारिस औषधिको नाम, मात्रा रअवधि<br>...................... |
| डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था,सो समयमा दिएको निर्देशन :<br>........................................................................................ | |
| पुन अस्पताल (Follow up) सम्बन्धी विवरण<br>यस उपचारको क्रममा पुन अस्पताल आउनु नपर्ने<br>यस उपचारको क्रममा पुन अस्पताल आउनुपर्ने मिति : | |
| अन्य आवश्यक कुराहरु :<br>........................................................................................ | |
| ........................<br>ईन्चार्जको हस्ताक्षर | |

**अनुसूची–३**

(दफा ३९ (१) सँग सम्बन्धित)

पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि निवेदन फाराम

(नियम ......... को उपनियम ........सँग सम्बन्धित)

श्री ...................................................................

................................................................ ।

निम्नानुसार प्रस्तावित अस्पताल र स्वास्थ्य संस्थाको संचालन तथा पूर्वाधार स्वीकृतिको मनसाय पत्रका लागि देहाय अनुसार कागजात सहित निवेदन फाराम पेश गरेका छु÷छौं ।

..................................

संचालक समितिको तर्फबाट

१. अस्पताल र स्वास्थ्य संस्थाको नाम :–

शैया संख्या:-

२. साधारण सेवा र विशेषज्ञ सेवा अस्पताल वा कस्तो स्वास्थ्य संस्था हो उल्लेख गर्ने:- –

३. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना):-

जिल्ला:-

पालिका: वडा नं.: टोल:

ब्लक नं.: टेलिफोन: मोबाइल:

पो.ब.नं.:

४. स्वास्थ्य संस्था र अस्पताल खोल्न व्यक्तिहरु (५ प्रतिशत भन्दा बढी शेयर धारण गर्नेहरुको मात्र) :-

नाम:-

ठेगाना:-

नागरिकता नं.:-

मोबाइल नं.:-

फोन नं.:-

५. स्वास्थ्य संस्थाको लागि आवस्यक जग्गा र स्वामित्वको अवस्था

(क) जग्गाका कित्ता, क्षेत्रफल र स्वामित्वका प्रकारः

(ख) लिजमा भए कबुलियतनामा पेश गर्नेः

६. स्वास्थ्य संस्था र अस्पतालको वित्तीय स्रोत:-

(क) निजी लगानी (ख) बैंक कर्जा

(ग) सरकारी (घ) अनुदान सहयोग

(ङ)गैरसरकारी संस्थाबाट कर्जा लिइ संचालन गर्ने भए सोको विवरण

(च) अन्य वित्तीय लगानी: (स्थीर पूँजी लागत) रु. ...................

(क) भवन तथा जग्गाको लागि रु. ...................

(ख) औजार उपकरणको लागि रु. ...................

वित्तीय लगानी:………………….. (चल पूँजी लागत) रु. .................

रोजगार संख्या:……………….

अनुमानित आम्दानी:………………………….. रु. .................

अनुमानित मुनाफा: ......................

मासिक: रु. .................................त्रैमासिक: रु. ...........

वार्षिक: रु. .................

७. देहायका विषयहरु समेत समावेश भएको व्यावसायिक कार्ययोजना

(क) स्वीकृत संस्थाबाट प्रदान गन सेवाहरूका विवरण:

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| एक्स–रे | ................ खोप | प्रसूति तथा स्त्री रोग |
| अल्ट्रासाउण्ड | गर्भवती, सुत्केरी जाँच | जनरल मेडिसिन |

| | | |
|---|---|---|
| इन्डोस्कोपी | परिवार नियोजन | जनरल सर्जिकल |
| इसीजी, ट्रेडमिल | .................... | विशेषज्ञ सेवा:जस्तै (प्रसूति सेवा, मृगौला रोग, स्नायु, आँखा, हाडजोर्नी, मानसिक |
| प्रयोगशाला | | ....................... |
| ................ | | |

(ख) संस्थामा प्रयोग हुने आवश्यक उपकरणहरूको विवरण (संलग्न गर्ने) :

(१)..............................................................................

(२)..............................................................................

(३)..............................................................................

(४)..............................................................................

(ग) संस्थामा सेवा पु¥याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने:

(१) विशेषज्ञ:

नाम: पद: योग्यता:

पार्ट टाइम/फुल टाइम:

(२) प्राविधिक:

नाम: पद: योग्यता:

पार्ट टाइम/फुल टाइम:

(३) प्रशासनिक:

नाम: पद: योग्यता:

पार्ट टाइम/फुल टाइम:

नोट:

(१) संस्थामा कार्य गर्न प्राविधिक कर्मचारीहरू सम्बन्धित परिषदमा दर्ता भएका हुनुपर्ने। सम्बन्धित परिषदको प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(२) कर्मचारीहरूको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरू संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने।

(४) प्राविधिक कर्मचारीहरुले कार्य गर्ने अन्य संस्थाहरु भए सोको समेत विवरण खुलाउनुपर्नेछ।

**अनुसूची–४**

(दफा ४० (१) सँग सम्बन्धित)

स्वास्थ्य संस्था स्थापना, सेवा विस्तार वा स्तरोन्नतिको अनुमतिका लागि निवेदनको ढाँचा;

| |
|---|
| १. स्वास्थ्य संस्थाको नाम: |
| २. शैया संख्या (भएमा खुलाउने: |
| ३.साधारण सेवा÷विशेषज्ञ सेवा स्वास्थ्य संस्था÷अस्पताल कुन हो उल्लेख गर्ने: |
| ४. संस्थाका ठेगाना (पत्राचार गर्ने ठेगाना): |
| जिल्लाः |
| गाउँपालिका: वडा नं.: टोल: |
| *व्लक नं: टेलिफोन न.:* |
| ५. संस्था सञ्चालन गर्ने व्यक्तिहरु: नाम: |
| नागरिकता नं.: |
| ठेगाना: |
| फोन नं.: |
| मोबाइल नं.: |
| (आवश्यकता अनुसार थप गर्ने |
| ६. संस्थाको वित्तीय स्रोत: |
| क. निजी: ख. शेयर कर्जा: |
| ग. सरकारी: |
| घ. गैर सरकारी संस्थाबाट कर्जा लिई संचालन गर्ने भए सो उल्लेख गर्ने: |
| ङ. अन्य भए खुलाउने: |
| वित्तीय लगानी: (लागत) रु. |
| क. भवन तथा जग्गाका लागि रु.: |
| औजार उपकरणको लागि रु.: |
| जनशक्तिको लागि रु.: |
| अनुमानित आम्दानी रु.: |
| सम्पत्तिको स्रोत (खुलाउने: |
| अनुमानित मुनाफा रु.: मासिक: त्रैमासिक: |

| वार्षिक: |
|---|

७. अस्पताल, नर्सिङ्ग होम, वा अन्य स्वास्थ्य संस्थाको वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको बिवरण:

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा | अन्य |
|---|---|---|---|
| एक्स–रे,<br>अल्ट्रासाउण्ड,<br>इन्डोस्कोपी,<br>इसीजी, ट्रेडमिल,<br>प्रयोगशाला,<br>.................... | खोप,<br>गर्भवती,<br>सुत्केरी जाँच,<br>परिवार नियोजन | प्रसूति तथा स्त्री रोग<br>जनरल मेडिसिन<br>जनरल<br>सर्जिकल विशेषज्ञ<br>सेवा: जस्तै – प्रसूति<br>सेवा,<br>मृगौला रोग, स्नायु,<br>दन्त, हाडजोर्नी,<br>इण्डोस्कोपी | एम.सी.एच. क्लि¬निक,<br>परिवार नियोजन,<br>...................... |

८. संस्थामा प्रयोग हुने आवश्यक उपकरणहरूको विवरण (संलग्न गर्ने);

(१).............................................................................

(२)............................................................................

(३).............................................................................

(४)............................................................................

९. संस्थामा सेवा पुर्याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने):

(क) विशेषज्ञ:

नाम: पद: योग्यता:

पार्ट टाइम/फुल टाइम:

(ख) प्राविधिक:

नाम: पद: योग्यता:

पार्ट टाइम/फुल टाइम:

(ग) प्रशासनिक: नाम: पद: योग्यता:

पार्ट टाइम/फुल टाइम:

नोट:

(१) सम्बन्धित सेवा अनुसार निर्धाति मापदण्डहरु र पूर्वाधारहरु पूरा भएपश्चात मात्र सेवा संचालन गर्नपाईनेछ।

(२) उपर्युक्त बमोजिम केकति कर्मचारीहरु संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनुपर्नेछ।

(३) सबै सेवाहरूको शुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने।

(४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषदको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने।

(५) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने।

(६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारका स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने।

(७) प्राविधिक कर्मचारीहरुले कार्य गर्ने अन्य संस्थाहरु भए सोको समेत विवरण खुलाउनुपर्नेछ।

नोट: स्वास्थ्य संस्था संचालनका लागि निवेदन दिँदा संलग्न गर्नुपर्ने कागजातहरु:

१. निवेदन फारम

२. कम्पनी दर्ता÷संस्था दर्ताको प्रतिलपि

३. संस्था/कम्पनीको विधान÷प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि

४. मूल्य अभिबृद्धि कर वास्थायी लेखा दर्ता प्रमाण–पत्रको प्रतिलपि

५. स्थापना गर्न लागिएको ठाउँमा अस्पताल आवश्यक छ भन्ने सम्बन्धित वडाको सिफारिस पत्र

६. अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धी विवरण

(क) बायोडाटा

(ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि

(ग) प्राविधिक कर्मचारीहरुको सम्बन्धित काउन्सिलको दर्ता प्रमाण(पत्रका प्रतिलिपि

(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ङ) जनशक्तिहरुको काम गर्ने समय (पार्ट टाइम र फुल टाइम किटान गर्नुपर्ने

(च) मञ्जुरीनामा र कबुलियतनामा

७. औजार उपकरणको बिवरण तथा स्रोत

८. सम्पूर्ण सेवा शुल्क बिवरण खुलेको कागजात

९. भौतिक सामग्रीको बिवरण

१०. प्रारम्भिक वातावरणीय परीक्षण क्ष्भ्भ् वा वातावरणीय प्रभाव मूल्यांकन भ्क्ष्ब् स्वीकृति पत्रका प्रतिलिपी (लागुहुने अवस्थामा मात्रै)

११. अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव

१२. अस्पतालको आर्थिक नियमावली

१३. अस्पतालले लिने सेवा शुल्कको विवरण र गरीब तथा असहायलाई छुट दिने नीति

१४. प्रदान गरिने सेवाको विवरण

१५. जग्गारघरको स्वामित्व

१६. घरकोठा बहालमा लिइ सञ्चालन गर्ने भए घर बहाल सम्झौता–पत्र र भवन स्वास्थ्य संस्था संचालन गर्ने राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धि सिफारिश पत्र

१७. भवनको स्वीकृत नक्सा

१८. संस्थाको चल अचल सम्पत्ति बिवरण तथा वित्तीय स्रोत

१९. संस्थाको कार्य योजना क्ुअजझभ

२०. कर चुक्ता प्रमाण पत्र (लागुहुने अवस्थामा मात्रै

२१. लेखापरीक्षण प्रतिवेदन (लागुहुने अवस्थामा मात्रै

२२. बिरामी बडापत्रको नमूना

२३. सम्बन्धित निकायको भवन संहिता सम्बन्धी स्वीकृति पत्र

२४. भवन निर्माण सम्पन्न प्रमाणपत्र

२५. सम्बन्धित निकायबाट भवनको नक्सा डिजाइन र निर्माण राष्ट्रिय भवन संहिता मापदण्ड बमोजिम भएको स्वीकृति पत्र ।

**अनुसूची–५**

दफा ४० (१) सँग सम्बन्धित)

स्वास्थ्य क्लिनिक, प्रयोगशाला, रेडियोईमेजिङ सेवा तथा

पोलिक्लिनिक सञ्चालन अनुमति माग गर्ने ढाँचा

१. संस्थाको नाम:

२. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना):

जिल्ला: गाउँ र गाउँपालिका:

वार्ड नं.: ब्लक नं.:

टेलिफोन नं.: पो.व.नं.:

३. संस्था खोल्ने व्यक्तिहरु:

नाम: नागरिकता नं.:

ठेगाना: फोन नं.:

४. संस्थाको वित्तीय स्रोत:

क. निजी: ख. शेयर कर्जा: ग. वैदेशिक:

घ. गैर सरकारी: ङ. सामुदायिक: च. अन्य:

५. संस्थाको क्षमता तथा बिस्तृत कार्य योजना:

**सेवा प्रदान गर्ने क्षेत्रहरु:**

| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा |
|---|---|---|
| एक्स–रे | खोप | प्रसूति तथा स्त्री रोग |
| इण्डोस्कोपी | एम.सी.एच. | अल्ट्रासाउण्ड |
| इसीजी, | परिवार नियोजन गर्भवती, सुत्केरी जाँच | जनरल मेडिसिन |
| ट्रेडमिल प्रयोगशाला | परिवार नियोजन | जनरल सर्जिकल |
| अन्य सेवा: फार्मेसी | | विशेषज्ञ सेवा: जस्तै – आँखा, नाक, मुटु, मृगौला रोग, स्नायु आदि |

६. सेवा शुल्क (अलग र स्पष्टसँग) खुलाउने

७. संस्थामा सेवा हुन आवश्यक उपकरणहरुका बिवरण तथा स्रोत:

८. संस्थामा सेवा पुर्याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने):

(क) विशेषज्ञ:

नाम: पद: योग्यता:

पार्ट टाइम/फुल टाइम:

(ख) प्राविधिक:

नाम: पद: योग्यता:

पार्ट टाइम/फुल टाइम:

(ग) प्रशासनिक:

नाम: पद: योग्यता:

पार्ट टाइम/फुल टाइम:

नोट:-

(१) सम्बन्धित सेवा अनुसार निर्धाति मापदण्डहरु र पूर्वाधारहरु पूरा भएपश्चात मात्र सेवा संचालन गर्नपाईनेछ।

(२) उपर्युक्त बमोजिम केकति कर्मचारीहरु संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनुपर्नेछ।

(३) सबै सेवाहरूको शुल्क बिवरण बिस्तृत रुपमा उल्लेख हुनुपर्ने।

(४) संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएको हुनुपर्ने, सम्बन्धित परिषदको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने।

(५) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने।

(६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारका स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनुपर्ने।

(७) प्राविधिक कर्मचारीहरुले कार्य गर्ने अन्य संस्थाहरु भए सोको समेत विवरण खुलाउनुपर्नेछ।

## अनुसूची–६

**दफा ४० (७), ४२ र ४३ (२) सँग सम्बन्धित**

स्वास्थ्य संस्था स्थापना तथा नविकरण अनुमति दस्तुर:

| सि नं. | संस्थाका किसिम | शुल्क निर्धारण इकाई | स्थापनाका लागि दस्तुर रकम रू. | नविकरणका लागि दस्तुर रकम रू. |
|---|---|---|---|---|
| १ | अस्पताल तथा नर्सिंङ होम | शैया संख्या | प्रति शैया रू. ४००० | प्रति शैया रू. ५०० |
| २ | डायग्नोस्टिक सेन्टर | सेवा प्रकार | प्रति सेवा रू. १०००० | प्रति सेवा रू. १००० |
| ३ | पोलिक्लिनिक/क्लिनिक | सेवा प्रकार | प्रति सेवा रू. १०००० | प्रति सेवा रू. १००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | आयुर्वेद अस्पताल/ वैकल्पिक चिकित्सा | शैया संख्या | प्रति शैया रू. २००० | प्रति शैया रु.१००० |
| ५ | आयुर्वेद क्लिनिक | सेवा प्रकार | प्रति सेवा रू. ५००० | प्रति सेवा रू. ५०० |
| ६ | स्वास्थ्य परामर्श सेवा क्लिनिक (चिकित्सक) | दर्ता | पान नं.दर्ता सिफारिस शुल्क रु. ३५०० | - |
| ७ | स्वास्थ्य परामर्श सेवा क्लिनिक (पारामेडिक्स) | दर्ता | पान नं.दर्ता सिफारिस रु. २५०० | - |

नोटः गाउँपालिकाले तोकेका दुर्गम क्षेत्रमा स्वास्थ्य संस्था स्थापना वा बिस्तार गरेमा गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशन गरी माथि उल्लिखित दस्तुरमा निश्चित प्रतिशत छुट दिन सक्नेछ।

## अनुसूची–७

दफा ५७ (२) सँग सम्बन्धित)

स्वास्थ्य संस्थावाट प्रदान गरिने विरामी ढाँचा:

| सि. नं. | शाखा र इकाइ | प्रदान गरिने सेवाको विवरण | प्रकृया | दस्तुर | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले
अर्जुन सिंह कार्की
प्रमुख प्रशासकिय अधिकृत